नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना (शिक्षक)

म्यूजियम मार्ग, छाउनी काठमाण्डौ ।

प.सं.

च.नं. ६४०१

मितिः– २०७८।०३।१७

श्री शिक्षा विकास तथा समन्वय इकाई, ७७ ओटै

र

महानगर/उपमहानगर/नगर/गाउँ पालिकाहरू सबै

**विषयः– सेवानिवृत्त शिक्षकको प्राविधिक ग्रेड सम्बन्धमा ।**

प्रस्तुत विषयमा वि.स. २०५७ साल श्रावण १ गतेभन्दा अघि स्थायी नियुक्ति लिई प्राविधिक २ ग्रेड थप खाइपाइ आएका र २०७३ श्रावण १ गतेपछि सेवा निवृत्त भई निवृत्तभरण अधिकार पत्र लिइसकेका र निवृत्तभरणका लागि यस किताबखानामा फाइल पेस गर्ने चरणमा रहेका सेवा निवृत्त शिक्षकहरू एवम् तलबी प्रतिवेदन पारित गराउने स्थानीय तहहरूले तपसिलबमोजिमका कागजातसहित प्राविधिक ग्रेडका लागि यस किताबखानामा निवेदन दिनुहुन सादर अनुरोध छ ।

**तपसिल**

**क) निवृत्तभरण अधिकार पत्र प्राप्त गरिसकेका सेवा निवृत्त शिक्षकहरूले पेस गर्नुपर्ने कागजात**

१) हाल अवकाश भएको तहमा २०५७।०४।०१ भन्दा अघि स्थायी नियुक्ति भएको पत्रको प्रतिलिपि,

२) वि.स. २०५७।०४।०१ भन्दा अघि तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपि,

३) वि.स. २०७३।०४।०१ वा सो भन्दा पश्चात अवकाश भएको अवकाशपत्रको प्रतिलिपि,

४) निवृत्तभरण अधिकार पत्रको प्रतिलिपि,

५) सेवानिवृत्त हुनुपूर्व सम्मको प्राविधिक ग्रेड भुक्तानी भइसकेको भनी स्थानीय तहको सिफारिस पत्र,

६) सम्बन्धित स्थानीय तहले औषधि उपचार, सञ्चित बिरामी विदा र निवृत्तभरणमा के कति रकम थप गर्नुपर्ने हो सोसमेत खुलाइएको पत्र ।

**ख) निवृत्तभरण सुविधा निर्धारण गर्न आउने सेवानिवृत्त शिक्षकले पेस गर्नुपर्ने कागजात**

१) सेवानिवृत्त हुने दिन अघिसम्म प्राविधिक ग्रेड खाएको प्रमाणसहित स्थानीय तहको सिफारिस पत्र ।

**ग) तलबी प्रतिवेदनमा प्राविधिक ग्रेड पारित गर्न पेस गर्नुपर्ने कागजात**

१) शैक्षिक सत्र २०७८ देखिको तलबी प्रतिवेदन पारित गर्न पेस गर्दा स्थानीय तहले आवश्यक कागजात रूजु गरी प्राविधक ग्रेड पाउने शिक्षकहरूको मात्र तोकिएको फारामको प्राविधिक ग्रेड महलमा २ प्राविधिक ग्रेड उल्लेख गरी कैफियत महलमा स्पष्ट कारण लेखी पेस गर्नुपर्ने छ ।

२) त्यसरी प्राविधिक ग्रेड उपलब्ध गराउनुपर्ने शिक्षकहरूको २०५७।०४।०१ भन्दा अघिको नियुक्ति पत्र र तालिमको प्रमाणपत्रसमेत साथमा पेस गर्नुपर्ने छ ।

३) तलबी प्रतिवेदन पारित गर्न पेस गर्दा अनिवार्य रूपमा यस कार्यालयको **website www.stro.gov.np** मा राखिएको फाराम **download** गरी प्रत्येक विद्यालयको छुट्टा छुट्टै पृष्ठमा तयार गरी पेस गर्नुपर्ने छ ।

............ २०७८।०३।१७

रामराज खकुरेल

(का.मु.उपमहानिर्देशक

☎ ४६७२८२३, ४२८३०२३, ४६७०७५७, फ्याक्स ४२८४९०० **Email: stroedu@gmail.com**

...........................................नगरपालिका/गाँउपालिका

.................................. को कार्यालय

.......................................................................

नेपाल सरकार
राष्ट्रिय किताबखाना
(शिक्षक)

## शिक्षकको तलबी प्रतिवेदन

शैक्षिक सत्र २०....................

विद्यालयको नाम : .................................................... ठेगाना : ..............................................................

| क्र.स. | संकेत न. | शिक्षकको नाम थर | तह | श्रेणी | शुरु स्थायी नियुक्ति मिति | प्रथम पटक बढुवा मिति | दोश्रो पटक बढुवा मिति | १० महिने वा सो सरहको तालिम २०५७ साल अघि पुरा गरेको भएमा √ रेजा चिह्न लगाउनु पर्नेछ | शुरु तलव स्केल | ०७७ चैत्र मसान्त सम्म खाईपाई आएको ग्रेड संख्या | ०७८ वैशाखबाट पाउने ग्रेड संख्या | | | | तलब र ग्रेडको जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | ग्रेड संख्या | | दर | जम्मा | | |
| | | | | | | | | | | | साधरण | प्राविधिक | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | |

तयारी गर्नेको
दस्दखत............
नाम–
पद–

रुजु गर्नेको
दस्दखत............
नाम –
पद–

पेस गर्नेको
दस्दखत............
नाम–
पद–

किताबखानाको प्रयोजनको लागि)

रुजु गर्नेको
दस्दखत............
नाम–
पद–

सिफारिस गर्नेको
दस्दखत............
नाम–
पद–

प्रमाणित गर्नेको
दस्दखत............
नाम–
पद–

नोट :

क) बढुवाको मितिको महलमा हालको श्रेणीमा भएको मिति लेख्नुपर्ने छ ।

ख) हाल कार्यरत तहको लागि १० महिने वा सो सरहको तालिम २०५७ साल अघि पूरा गरेको भएमा √ रेजा चिह्न लगाउनु पर्ने छ ।

ग) प्रत्येक पृष्ठमा कार्यालयको छाप र हस्ताक्षर हुनुपर्ने छ ।

घ) प्रत्येक पृष्ठको तल्लो भागको दायाँतिर किताबखानाका रुजु गर्ने, सिफारिस गर्ने र प्रमाणित गर्नेको हस्ताक्षर गर्ने स्थान खाली ठाँउ राख्नुपर्ने छ ।

ङ) प्रत्येक विद्यालयको तलबी प्रतिवेदन छुट्टा छुट्टै पृष्ठमा तयार गरि एकमुष्ठ रुपमा वाइन्डिङ गरी पेस गर्नुपर्ने छ ।